भ्रष्टाचार मुद्दा लागेपछि १३ वर्षदेखि फरार व्यक्ति पक्राउ

बुटवल, ८ मंसिर (दैपस)- इलाका प्रहरी कार्यालय सालझण्डीले भ्रष्टाचार मुद्दामा कैद र जरिवाना ठहर भई फरार रहेका एक व्यक्तिलाई पक्राउ गरेको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगका तत्कालिन अनुसन्धान अधिकृत बद्रि श्रेष्ठको जाहेरीमा रेडियो नेपाल प्रशारण सेवा विकाश समिति क्षेत्रीय प्रसारण केन्द्र पोखराका तत्कालीन लेखापाल जिल्ला बाग्लुङ कुश्मीसेरा-९ घर भई रूपन्देही साविक रुद्रपुर-८ हालको कञ्चन गाँउपालिका वडा नं ३ बस्ने वर्ष ५१ को शेर बहादुर के.सी.लाई सालझण्डी प्रहरीले बुधवार रुद्रपुरबाट फैसलाको १३ वर्षपछि पक्राउ गरेको जनाएको छ।

विशेष अदालतको २०६६ सालको फैसला अनुसार के.सीले लेखापालको रूपमा वहाल रहँदा रेडियो प्रशारण विभागमा कार्यरत कर्मचारीहरूको तलब समेत आफूले निकाली अपचलन गरेको हुनाले १ वर्ष ६ महिना कैद र रू. ५,८०,८८१/८६ (पाँच लाख असि हजार आठ सय एकासी रूपैया छयासी पैसा) बिगो र बिगो बमोजिम जरिवाना सजाँय तोकिएको थियो। तर उनी विगत १३ वर्षदेखि फरार रहेका ईलाका प्रहरी कार्यालय सालझण्डीका प्रहरी निरीक्षक जगन्नाथ मरासिनीले बताए। फरार केसीलाई आफ्नो कमाण्डमा खटिएको प्रहरी टोलीले पक्राउ गरेको जनाएका छन्।

पक्राउ परेका केसीलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत रूपन्देहीमा उपस्थित गराईएकोमा कैद भुक्तानका लागी अदालतको आदेशअनुसार कारागार चलान भएको प्रवक्ता डिएसपी श्यामु अर्यालले बताउनुभयो।

सत्ताको लागि टाउको हेरेर मोलतोल : अध्यक्ष ओली

दमक, ८ मंसिर - नेकपा (एमाले) का अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले निर्वाचन परिणामले मुलुकमा स्थिरता कायम नहुने र सत्ताको लागि मोलमोलाइ सुरु हुने बताएका छन्। निर्वाचन परिणामको ट्रेन्डले मुलुकमा राजनीतिक स्थिरता हुने संकेत नदेखिएको उनको भनाइ छ।

विहीबार झापाको क्षेत्र नं. ५ बाट प्रतिनिधि सभा सदस्यको निर्वाचित प्रमाणपत्र लिएपछि संक्षिप्त प्रतिक्रिया दिँदै अध्यक्ष ओलीले सो कुरा बताएका हुन्। "निर्वाचन परिणाम हेर्दा अब दल तथा सांसदहरूको मोलमोलाइ सुरु हुने संकेत देखिएको छ", उनले भने।

अब नयाँ सरकार बन्न नै धेरै समय लाग्न सक्छ भन्दै अध्यक्ष ओलीले राजनीतिक अस्थिरताको खेल पुनः सुरु हुने दावी गरे। "सरकार गठन प्रक्रियामा भएको फोहोरी खेल अब सुरुवातदेखि नै हुनसक्छ", उनले भने। सरकारमा जाने क्षमता र योग्यताभन्दा पनि अब टाउको हेरेर मोलतोल गर्ने अवस्था आउन सक्ने भन्दै ओलीले थपे, "अहिलेको परिणाम त्यति सन्तोषजनक नभए पनि जनताको जनादेश सबैले स्वीकार्नुपर्छ, तर देशको विकासमा यो परिणामले ठूलो भूमिका खेल्न सक्दैन।" देश विकासका लागि स्थिर सरकारको खाँचो भएको तर परिणामले त्यस्तो हुने संकेत नदेखाएको उनको भनाइ छ। अध्यक्ष ओलीले समग्रमा निर्वाचन निष्पक्ष भए पनि केही ठाउँमा धाँधली भएको उनले आरोप लगाए। "हामीले कतिपय ठाउँमा धाँधली भएको देखेका छौं। त्यहाँ पुनः निर्वाचन गराउनका लागि निर्वाचन आयोगसँग हाम्रो माग रहेको छ", ओलीले भने।

ओलीले आफ्नो निर्वाचन क्षेत्रमा निष्पक्ष मतादान गर्ने र मतगणना सकेर परिणाम सार्वजनिक गरेसम्म भूमिका निर्वाह गर्ने सबैप्रति आभार प्रकट गरे। "यस क्षेत्रमा निर्वाचनलाई निष्पक्ष र धाँधलीरहित तवरले सम्पन्न गराउन भूमिका खेल्ने सबैप्रति आभार प्रकट गर्दछु", उनले भने।

झापा ५ प्रतिनिधि सभा सदस्यमा ओली, प्रदेश सभा ५(क) मा हिक्मतकुमार कार्की र ५ (ख) मा होमबहादुर थापा विजय बनेका छन्। ओली बिहीबारदेखि नै आफ्नो निर्वाचन क्षेत्रमा विजय जुलसमा सहभागी बनेका छन्।

बहालवाला खेलकुदमन्त्री गहतराज पराजित

बाके, ८ मंसिर (दैपस) - संघीय सरकारका युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराज पराजित भएका छन्। गहतराजलाई हराउँदै नेकपा एमालेका सूर्यप्रसाद ढकाल विजयी भएका छन्। २०७४ सालको चुनावमा यसै क्षेत्रबाट गहतराज निर्वाचित भएका थिए। यो चुनावमा भने एमालेका ढकालसँग बहालवाल मन्त्री भएकै अवस्थामा पराजित भएका छन्।

सत्ता गठबन्धनबाट उम्मेदवारी दिएका माओवादी केन्द्रका नेता गहतराज ढकालसँग फराकिलो मत अन्तरले पराजित भएका हुन्। ढकालले २५ हजार २६ मत ल्याएर बिजयी भएका छन् भने मन्त्री गहतराजले १९ हजार ६३२ मत ल्याएर पराजित भएका हुन्। यस्तै बाँके क्षेत्र नम्बर २ बाट राप्रपाका धवल शमशेर राणा, बाँके ३ बाट नेपाली कांग्रेसका किशोरसिंह राठोर निर्वाचित भइसकेका छन्।

आयात निर्यातमा गिरावट

काठमाडौँ, ८ मंसिर (दैपस)- मुलुकको आयात निर्यात घट् दो क्रममा छ। सरकारले आयात निरुत्साहनको नीति लिएका कारण आयात घटे निर्यात पनि घट्नुले चिन्ता थपिदिएको छ। विदेशी मुद्रा सञ्चितिमा दबाब परेपछि सरकारले लिएको आयात निरुत्साहन नीति र अन्य आन्तरिक तथा बाह्य कारणले वस्तु र सेवाको माग खुम्चिएकाले आयात १८ प्रतिशतले खुम्चिएको भन्सार विभागले बुधबार सार्वजनिक गरेको तथ्याङ्कले देखाएको हो। गत आर्थिक वर्षको सोही अवधिमा छ खर्ब ५० अर्ब रुपियाँको आयात भएकामा समीक्षा अवधिमा पाँच अर्ब ३२ करोड रुपियाँमा सीमित भएको छ। आयात कम हुँदा विदेशी मुद्रा सञ्चितिमा भने केही सुधार आएको छ।

सरकारले विभिन्न कार्यक्रमबाटै प्रवर्द्धन गर्न खोजेको निर्यात पनि समीक्षा अवधिमा घटेको छ। भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार अघिल्लो आर्थिक वर्षको साउनदेखि कात्तिकसम्मको तुलनामा चालू आर्थिक वर्षको सोही अवधिमा नेपालको निर्यात व्यापार ३३.३ प्रतिशतले घटेको छ।

गत आर्थिक वर्षको पहिलो चार महिनामा ८२ अर्ब १२ करोड रुपियाँको वस्तु निर्यात भएकामा चालू आर्थिक वर्षको सोही अवधिमा वस्तु निर्यात ५४ अर्ब ७७ करोड ४३ लाख रुपियाँमा झरेको छ। चालू आर्थिक वर्षको पहिलो चार महिना (साउन-कात्तिक)अवधिमा नेपालको वैदेशिक व्यापारको आकार घटेको छ। आयातसँगै निर्यात पनि घटेका कारण वैदेशिक व्यापारको आकार १९ दशमलव ७९ प्रतिशतले खुम्चिएको हो। आयात निर्यात खुम्चिएको सकारात्मक असर व्यापार घाटामा परेको छ। तथ्याङ्कअनुसार नेपालको वैदेशिक व्यापार घाटामा १५ प्रतिशतले कमी आएको आएको छ।

चालू आर्थिक वर्षको साउनदेखि कात्तिकसम्ममा व्यापार घाटा चार खर्ब ७७ अर्ब ९१ करोड रुपियाँ छ, जुन अघिल्लो वर्ष सोही अवधिमा पाँच खर्ब ६८ अर्ब १७ करोड रुपियाँ थियो तर गत वर्षको सोही अवधिको आयात निर्यात अनुपात ७.९२ बाट बढेर चालू आवमा ९.७३ पुगेको विभागले जनाएको छ।

आयात निर्यात दुवैमा गिरावट आएसँगै त्यसको सिधा असर राजस्व परिचालनमा परेको छ। आव २०७८/७९ को पहिलो चार महिनामा सरकारले भन्सारमार्फत हुने आयातबाट एक खर्ब ७२ अर्ब ६२ करोड रुपियाँ प्राप्त गरेको थियो तर चालू आर्थिक वर्षको सोही अवधिमा एक खर्ब २६ अर्ब ६२ करोड २२ लाख रुपियाँ मात्रै प्राप्त भएको छ।

साधारणसभामा उपस्थित भईदिनेबारे सूचना

वीरगाथा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १३औं साधारणसभा तथा छैठौं अधिवेशन निम्न मिति, स्थान र समयमा हूने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई उपस्थितिको लागि हार्दिक अनूरोध गर्दछौं।

मिति : २०७९, मंसिर १७ गते, शनिवार
स्थान : भू.पू. क्लब, देवीनगर (बाणिज्य क्याम्पस नजिक)
समय : बिहान ९:०० बजे देखि

अनुरोधक
जनक बहादुर थापा (अध्यक्ष)
वीरगाथा बचत तथा ऋण सहकारी संस्था लि.
बुटवल-९, मिलनचोक, रुपन्देही

ट्वाईलेट सफा गराउनुहोस्
सुपथ मुल्यमा नगरपालिका भित्र वा बाहिर काम गर्ने र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस् ।
सुरज सेनेटरी
बुटवल-१७, रानीगंज
मो.: ९८६७७९२९७६, ९८२१४४९९९७

ट्वाईलेट सफा गराउनुहोस्
सबैभन्दा बढी क्षमता भएको
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा ५ मिनटमै सेफ्टी टंकी, रिङ्ग खाली गरिनेछ।
- ट्वाईलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ।
- यो सुविधा बुटवल, भैरहवा साथै लुम्बिनी अञ्चल भरी दिइनेछ।

क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल, मर्चवार
प्रो. रामशाह साहनी
बिशाल सेनेटरी
बर्मेली टोल-८, भैरहवा, मो.: 9847324755, 9804406297

ट्वाईलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोला।
-लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी टंकीको रिङ्ग खाली गरिनेछ।

सुपथ मूल्यमा काम गर्न र गराउने हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस्।
सिताराम सफा सेनेटरी
भैरहवा
मो.: ९८६९७८९२७५, ९८००७६०६२२

तपाईको शहर बुटवलमा
पाइल्स फिस्टुला फिसर क्षारशुत्र विधिद्वारा उपचार
धनवन्तरी आर्युर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंका वरिष्ठ डाक्टर राजिव घिमिरेद्वारा **यहि मंसिर १३ गते** का दिन पाइल्स, फिस्टुला, फिसर र क्षारशुत्र विधिद्वारा उपचारलगायत पेट सम्बन्धी समस्या भएका बिरामीहरूको चेकजाँच गरिने हुँदा त्यस्ता समस्या भएका बिरामीहरूले यथाशिघ्र सम्पर्क गरी विशेषज्ञ सेवाको लाभ लिई आफ्नो रोगको पूर्ण निधान गर्नुहोस्।
डाक्टरद्वारा दिइने सेवाहरूः
पाइल्सः कहिले पखाला र कहिले कब्जियत, पेट फुल्ने, गुद्धारमा मासु पलाउने, दिसा गर्दा रगत आउने,पोल्ने, दुख्ने र सुन्निने।
फिस्टुलाः गुद्धारमा घाउ,खटिरा आउने, दिशा गर्दा दुख्ने,पिप निस्कने, पोल्ने, कब्जियत हुँदा दुख्ने।
फिसरः गुद्धारमा चिलाउने, चिरा पर्ने, घाउ आउने, दिसामा रगत देखापर्ने आदि।
बिरामी जाच्ने समयः बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म।
बिरामी जाच्ने मितिः २०७९ मंसिर १३ गते मंगलबार
सम्पर्कः
माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोसाइकोलोजिष्ट डाक्टर्स क्लिनिक
राजमार्ग चौराहा, बुटवल (ऊ मिष्ठान भण्डारको माथिल्लो तल्ला) चोकदेखि २०० मिटर उत्तर), फोन नं.:०७१-५३८८९३, मोबाइल नं.: ९८४७३५२१२७

नेपालमा ...

प्रतिजैविक प्रतिरोध रोकथाममा नेपाल सरकारको प्रयास को विषयमा जानकारी दिदै डा. पौडेलले प्रतिजैवीक प्रतिरोधसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्दताहरू कार्यान्वयन गर्ने विषयमा पनि नेपाल सरकार अग्रसर रहेको बताए।सन् २०१५ मा विश्व स्वास्थ्य सभाले प्रतिजैवीक प्रतिरोधको विश्वव्यापी कार्ययोजना तयार गर्यो।

यसमा प्रतिजैवीक प्रतिरोध प्रतिरोधसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने, अनुसन्धान तथा निगरानी बढाउने, संक्रमण घटाउने, मानव र जिवजन्तुमा प्रतिजैवीक औषधिको सदुपयोग गर्ने तथा दिगो विकासका लागि प्रतिजैवीक प्रतिरोधको कारणले हुने आर्थिक भार कम गर्न आवश्यक संयन्त्रको विकास गर्ने जस्ता कार्ययोजना तय गरिएको छ।

यसलाइ आत्मसाथ गर्दै नेपाल सरकार प्रतिजैवीक प्रतिरोधसम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा गर्ने क्रममा रहेको छ प्रतिजैविक प्रतिरोध रोकथाम गर्न व्यक्तिगत तहमा कसरी योगदान गर्न सकिन्छ ?प्रतिजैविक प्रतिरोध रोकथामको लागि स्वास्थ्यकर्मी, स्वास्थ्य सेवाग्राही, कृषक, पशुपालक र नीति निर्माताहरूको महत्वपूर्ण भूमिका हुन्छ। औषधि प्रयोगकर्ताले निम्न व्यवहार अपनाएमा प्रतिजैविक प्रतिरोध रोकथाममा योगदान पुग्दछ।अन्तरक्रिया कार्यक्रममा प्रदेशको वन तथा वातावरण मन्त्रालयका सचिव उद्धव घिमिरे हार्ड ईन्टरनेशनलका डा. शुसिल बरालल गायतले आ आफ्नो भनाई राखेका थिए।

Rohini Rural Municipality
Office of the Rural Municipal Executive
Dhakdhai, Rupandehi
Lumbini Province, Nepal

Invitation for Electronic Bids

Date of First Publication: Nov 25th, 2022 (Mangsir 9th, 2079)

The Rohini Rural Municipality, Office of the Rural Municipal Executive, Dhakdhai, Rupandehi invites online Bids under e-procurement System in the www.bolpatra.gov.np from eligible bidders for the following works. The bidders can visit the PPMO website for the brief description with public entity name: Rohini Rural Municipality Office at Dhakdhai,Rupandehi within Office hours.

S. N.	Contract ID	Name Of Project	Descriptions of Project Works	Estimated Amount (Including VAT & PS)	Bid Security Amount (NRs.)	Account No. for Bid Security	Fee for Bid Document (NRs.)	Account No. for Bid Document fee	Final Submission Date & Time	Bid Opening Date & Time	Bid Security Validity Period
1	03/NCB/Works/ RRM/2079-80	Bhatpurwa Chauki Dekhi Kharbind Tole Sadak Kalopatre	Construction of Cross Drainage Works & Asphalt Concrete Works	95,23,529.88	2,40,000.00	NIC ASIA Bank Ltd., Dhakdhai Branch, Dharauti Khata No. 9441498734524002	3,000.00	NIC ASIA Bank Ltd., Dhakdhai Branch, Antarik Rajsaw Khata No. 0942050029211003	Dec 26th,2022 (Poush 11th,2079) At 12:00 pm	Dec 26th,2022 (Poush 11th,2079) At 4:30 pm	120 Days

- Pre-Bid Meeting Shall be held on 15th Dec 2022 at 4:00 pm at Rohini Rural Municipality Office, Dhakdhai, Rupandehi .
- Bidders are instructed to read the corresponding Bid Document carefully before the submission of bid.

Chief Administrative Officer

ट्वाइलेट सफा गराउनुहोस
हाम्रा सेवाहरूः तपाईंको घरको सिट, नाली जाम भएमा चिन्ता लिनु पर्दैन । सेनेटरी जगतमा बढी क्षमता, अत्याधुनिक प्रविधि, पावरफुल रोटर भ्याकुम पम्पद्वारा बिना बिजुली ट्वाइलेटको सेफ्टी वा रिङ्ग सफा गरिन्छ ।
प्रो. राजेश प्रसाद
राजेश सेनेटरी सेवा, भैरहवा
मो.: ९८०५४७८७५९, ९८०७५९२८८३

L.B.F **ईट्टा चाहिएमा**
तपाईंको शहर भैरहवा, बुटवलमा बलियो, टिकाउ र भरपदो L.B.F. मार्का ईंट्टा चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
सम्पर्कः
पडसरी-५, ठुटिपिपल, रुपन्देही
फोन : ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३
नोट : पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँचीका लागी ट्रकमा पठाउने व्यवस्था छ।

ट्वाईलेट सफा गराउनुहोस्
सुपथ मुल्यमा नगरपालिका भित्र वा बाहिर काम गर्ने र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस् ।
पाल्पाली मगर सेनेटरी
बुटवल-१७, मोतिपुर
मो.: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

खुसीको खबर !
तपाईको शहर बुटवलमा, बलियो, टिकाउपन र भर पर्दो L.B.B. इट्टा चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
L.B.B. L.B.B.
सम्पर्क :
९८५७०२६७२०,उद्योग-
९८४७२४४७१३, देवदह खैरेनी, रुपन्देही,